लेखापरीक्षण प्रतिवेदन

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/170

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,

मण्डनदेउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रामेछाप ।

कैफियत सहितको राय

हामीले मण्डनदेउपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६ करोड ३७ लाख ३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१८ लाख ९० हजार र पर्यटन पूर्वाधारविकास आयोजनाको रु.७ लाख ९५ हजार समेत गरी रु.१६ करोड ६३ लाख ८८ हजार समावेश गरेको छैन ।

2. नगरपालिकाको रु.१ अर्ब ७८ करोड ५ लाख १७ हजारको लेखापरीक्षण गरिएकोमा रु.४३ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२७ लाख २० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.५ लाख ५६ हजार, र नियमित गर्नुपर्ने रु.११ लाख १३ हजार रहेको छ । गत वर्षसम्म रु.२१ करोड १२ लाख ५ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष रु.५ करोड ४० लाख ९२ हजार सम्परीक्षणबाट फछ्र्यौट गरी रु.१५ करोड ७१ लाख १३ हजार बाँकी रहेको र यो वर्षको बाँकी रु.१६ लाख ६९ हजार समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१५ करोड ८७ लाख ८२ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

3. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७ र सम्पत्ती तथा राजश्व लगायतका विषयहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, ... नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेश्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेश्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५२	२५	४३,८८,८४७	०	१३	२७,२०,०३८	०	५२	१२	१६,६८,८०९	५,५५,८०६	११,१३,००३	०	०	०	११,१३,००३	०

अद्यावधिक बेरुजू स्थिति रु. हजारमा

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काभ्रेपलाञ्चोक	२११२०५	०	५४०९१	१५७११४	०	१६६८	१५८७८२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	29.1, २९.२	बैठक भत्ता तथा बैठक सरह भत्ता	१,८६,६००
२	२०७७/७८	२२.१	सोझै खरीद	२२,८९,९०८
३	२०७७/७८	२७.२	अनुगमन मुल्यांकंन खर्च	५,६०,५०५
४	२०७७/७८	१७	बढि भुक्तानीः	११,११,८७०
५	२०७८/७९	२४	बेरीतको कर विजक	१,३०,३६४
६	२०७८/७९	५०	बीमाको म्याद नभएको	२,१४,४३८

७	२०७८/७९	५१	पूर्वनिर्धारित क्षतिपूर्ति	२,२६,०८४
८	२०७८/७९	७१	अनुगमन भत्ता	१,३४,३००
९	२०७८/७९	४०	अनुगमन भत्ताः	१,२३,६९०
१०	२०७८/७९	४५	कार्यसम्पन्न प्रतिवेदन नभएको	३०,३३,७३६
११	२०७८/७९	६१	दोहोरो निकासा	२३,९६०
१२	२०७८/७९	५३.१	मूल्य वृद्धि	१,२४,७६,०००
१३	२०७८/७९	५२.१	मूल्य अभिवृद्धि कर	२,३२,३८,६२६
१४	२०७८/७९	३२	महंगी भत्ताः	१९,४४,०००
१५	२०७८/७९	६९	महंगी भत्ता	६७,३२०
१६	२०७८/७९	२५	सेवाशुल्कमा कर कट्टी	३२,९००
१७	२०७९/८०	६१	सामाग्री खरिदमा ओभरहेड	२,३८,३३२
१८	२०७९/८०	२३	महँगी भत्ता	७,२०,०००
१९	२०७९/८०	४३.२ ४३.३	प्रशासकिय भवन निर्माण	१८,७०,२६५
२०	२०७९/८०	७८	पेश्की रकम फिर्ता	१२,४०,०००
२१	२०७९/८०	५९	पूर्वनिर्धारित क्षतिपूर्ति	५,३०,३२०
२२	२०७९/८०	३३	दलित तथा लक्षित समूहका विद्यार्थी छात्रवृत्ति	३१,२००
२३	२०७९/८०	७४.२	कुन्ता नयाँ गाउँ-नगरकोट सडक कालोपत्रे	२०,४७,०२०
२४	२०७९/८०	२२	करार कर्मचारी कल्याणकोष	१०,१९,४६१
२५	२०७९/८०	६८.१	आन्तरिक लेखापरीक्षण	६,०१,०००
२६	२०८०/८१	32	औषधी अनुगमन तथा रिचेकिङमा खर्च	४,६१,१००
२७	२०८०/८१	26	खर्चको भरपाई पेश नभएको	१६,००,२१०
२८	२०८०/८१	38	झोलुंगे पुल क्षेत्रगत कार्यक्रम	३,७८,८०७
२९	२०८०/८१	33	पाठ्यपुस्तकमा बढी निकासा	१,३०,७७१
३०	२०८०/८१	29	प्रशासकीय भवनको उद्घाटन खर्च	१,१०,९००
३१	२०८०/८१	28	बैठक भत्ता भुक्तानी	२०,४००

३२	२०८०/८१	30	PNC भिजिट फाराम रुजु गरेबापतको भत्ता	१७,८५०
जम्मा				५,६८,११,९३६

नोट: गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ।

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम

(८०३२६४०६३०० - मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मण्डनदेउपुर नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वटा वडारहेको छ भने क्षेत्रफल ८९ वर्ग किलोमिटर तथा ३०,३८१ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि

यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।२६ देखि २०८१।०८।२९ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति

पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ७८ करोड ५ लाख १७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **एकिकृत आर्थिक विवरण**

मण्डन देउपुर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत वित्तीय विवरण देहाय बमोजिम रहेको छः

आय तर्फ			व्यय तर्फ		
क्र.सं	**विवरण**	**रकम**	**क्र.सं**	**विवरण**	**रकम**
१	**गत वर्षको जिम्मेवारी**	१३४१४२३५९.३३	१	**चालु खर्च**	४१९४१६३४४.१८
क	बैंक मौज्दात	१३४१४२३५९.३३	२	**पूँजीगत खर्च**	१८४९८०१३९.
२	**यस वर्षको धरौटी आम्दानी**	१०२४२५२८.	३	**धरौटी**	१४०२७८४६.
३	**आन्तरिक आय**	३४३९०६८८.०२	४	**अन्य कोषहरुको खर्च**	४६४२०४९७.८
४	**बाँडफाँडबाट प्राप्त राजश्व**	१७९७७९५५६.२	क	प्रकोप व्यवस्थापन कोष	५७५६५३७.
क	संघीय राजश्व बाँडफाँडबाट	७९०२१२००.	ख	मर्मत सम्भार कोष	४२८९४५५.
ख	प्रदेश राजश्व बाँडफाँडबाट	२१०९४६८६.३२	ग	विविध खर्च खाता खर्च	३६३७४५०५.८
ग	जिल्ला मालपोत (घरजग्गा रजिष्ट्रेशनबाट)	२५०३८१८२.८६	५	**अन्तर सरकारी वित्तिय हस्तान्तरण**	१६६३८८६३१.
घ	स्थानीय (दहत्तर बहत्तरबाट प्राप्त)	५४६२५४८७.०२	क	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१८९००००.
५	**संघीय सरकारबाट प्राप्त अनुदान**	३९७३९२०००.	ख	पर्यटन पूर्वाधार विकास आयोजना	७९५३२९.
क	समानिकरण अनुदान	१००९०५०००.	ग	सामाजिक सुरक्षा तथा संरक्षण	१६३७०३३०२.
ख	सशर्त अनुदान चालु	२६३९८७०००.	६	**अनुदान फिर्ता**	५५४२७३३३.४४
ग	सशर्त अनुदान पूँजीगत	४५०००००.	क	संघ तर्फ	४६२७६२०८.४४
घ	विषेश अनुदान	२०००००००.	अ	संघ सशर्त चालु अनुदान फिर्ता	२३५२६०४७.४४
ङ	समपुरक अनुदान चालु	८००००००.	आ	संघ सशर्त पूँजीगत अनुदान फिर्ता	६१७६९३.
६	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	६३००४०००.	इ	विषेश अनुदान फिर्ता	१९३०९१३२.
क	समानिकरण अनुदान	१०९०६०००.	ई	संघ सशर्त समपुरक अनुदान फिर्ता	२८२३३३६.
ख	सशर्त अनुदान चालु	१७५९८०००.	ख	प्रदेश तर्फ	९१५११२५.
ग	सशर्त अनुदान पूँजीगत	४५०००००.	अ	प्रदेश चालु अनुदान फिर्ता	७२७८०.
घ	समपुरक अनुदान चालु	३०००००००.	आ	पद्रेश पूँजीगत अनुदान फिर्ता	२८१३७७०.
७	**अन्य कोषबाट**	४२६५९६०७.७८	इ	प्रदेश समपुरक अनुदान फिर्ता	६२६४५७५.
क	प्रकोप कोषमा प्राप्त	४८९००००.	७	**कुल खर्च**	८८६६६०७९१.४२
ख	विविध खर्च खाता	३६९९६४०७.७८	८	बैंक मौज्दात	१४१३३८५७८.९१

ग	मर्मत सम्भार कोष(विविध कोष खाता)	७७३२००.			
८	**अन्तर सरकारी वित्तिय हस्तान्तरण**	१६६३८८६३१.			
क	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१८९००००.			
ख	पर्यटन पूर्वाधार विकास आयोजना	७९५३२९.			
ग	सामाजिक सुरक्षा तथा संरक्षण	१६३७०३३०२.			
	कुल जम्मा	**१०२७९९१३७०.३३**		**कुल जम्मा**	**१०२७९९१३७०.३३**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१४,६०,४०,७८९.७६	०	१४,६०,४०,७८९.७६	१३,२६,४९,३९०.०९	०	१३,२६,४९,३९
१३०००	अनुदान		४०,४९,६८,६६६.५६	०	४०,४९,६८,६६६.५६	४४,७७,८२,६४६.५६	०	४४,७७,८२,६६
१४०००	अन्य राजस्व		७,३६,४१,१८२.३८	०	७,३६,४१,१८२.३८	७,२७,४८,०४१.४७	०	७,२७,४८,०४
१५०००	विविध प्राप्ति		१,१८,६३८.००	०	१,१८,६३८.००	०	०	०
क	**कुल जम्मा प्राप्ति**		६२,४७,६९,२७६.७०		६२,४७,६९,२७६.७०	६५,३१,८०,०७८.१२		६५,३१,८०,०७
३	चालु		४१,९४,१६,३४४.१८	०	४१,९४,१६,३४४.१८	४१,६३,१०,६८९.८७	०	४१,६३,१०,६८
२१०००	पारिश्रमिक / सुविधा		२४,१३,६६,३८४.०८	०	२४,१३,६६,३८४.०८	२६,४८,८८,९४१.८८	०	२६,४८,८८,९४
२२०००	मालसामान तथा सेवाको उपयोग		९,३८,७४,९७६.००	०	९,३८,७४,९७६.००	८,१७,४१,२१५.६०	०	८,१७,४१,२१५
२५०००	सहायता (Subsidy)		९४,०९,८६०.००	०	९४,०९,८६०.००	४,३२,७१,६१८.३९	०	४,३२,७१,६१८
२६०००	अनुदान		६,४८,१५,८४०.१०	०	६,४८,१५,८४०.१०	१,०१,६७,३९८.००	०	१,०१,६७,३९८
२७०००	सामाजिक सुरक्षा		७९,९३,४००.००	०	७९,९३,४००.००	१,२०,४४,४९१.००	०	१,२०,४४,४९
२८०००	अन्य खर्च		१९,५५,८८४.००	०	१९,५५,८८४.००	४१,९७,०२५.००	०	४१,९७,०२५.
४	पूंजीगत		१८,४९,८०,१३९.००	०	१८,४९,८०,१३९.००	३१,६०,०८,५९१.००	०	३१,६०,०८,५९
३१११०	भवन तथा संरचना		३,८५,९५,७७१.००	०	३,८५,९५,७७१.००	७,२५,५१,६०७.००	०	७,२५,५१,६०
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स		८९,६७,१८८.००	०	८९,६७,१८८.००	८९,७४,८०३.००	०	८९,७४,८०३.

	तथा फिक्चर्स							
३११३०	अन्य पूँजीगत खर्च		१०,०७,९६०.००	०	१०,०७,९६०.००	५४,४१,३२३.००	०	५४,४१,३२३.०
३११५०	सार्वजनिक निर्माण		१३,६०,८०,९२०.००	०	१३,६०,८०,९२०.००	२२,९०,४०,८५८.००	०	२२,९०,४०,८५
३१४१०	जग्गाप्राप्ति खर्च		३,२८,३००.००	०	३,२८,३००.००	०	०	०
ख)	**कुल जम्मा भुक्तानी**		६०,४३,९६,४८३.१८		६०,४३,९६,४८३.१८	७३,२३,१९,२८०.८७		७३,२३,१९,२८
ग)	**बचत /कमी (ग = क-ख)**		२,०३,७२,७९३.५२		२,०३,७२,७९३.५२	(७,९१,३९,२०२.७५)		(७,९१,३९,२०
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		(७५,४६,२०८.०२)		(७५,४६,२०८.०२)	३,८६,१९,०५५.१०		३,८६,१९,०५५
घ.१)	**कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी**					-४८,११५.९२		-४८,११५.९२
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		१,२८,२६,५८५.५०		१,२८,२६,५८५.५०	(४,०५,२०,१४७.६५)		(४,०५,२०,१४
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		१२,८५,११,९९३.४१		१२,८५,११,९९३.४१	१६,९०,३२,१४१.०६		१६,९०,३२,१४
छ)	**विनिमय नाफा/घाटा**							

	तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		१४,१३,३८,५७८.९१		१४,१३,३८,५७८.९१	१२,८५,११,९९३.४१		१२,८५,११,९९

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,३७,०३,३०२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१८,९०,०००, र पर्यटन पूर्वाधार विकास आयोजनामा रु.७,९५,३२९ समेत गरी रु.१६,६३,८८,६३१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार हालको बैंक मौज्दातमा फरक नपरेता पनि गत वर्षको जिम्मेवारीमा रु.५६,३०,३६५.९२, यस वर्षको प्राप्तिमा रु.१६,६३,८८,६३१, यस वर्षको भुक्तानीमा रु.१६,६३,८८,६३१ ले फरक देखाएको छ । पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश फिर्तालाई पनि खर्च मानिएको र सुत्रको म.ले.प.फा.नं. २७०-०१ ले विभिन्न कोषको प्राप्ति तथा भुक्तानी छुट्टाछुट्टै नदेखाई फरक मौज्दात मात्र देखाएको र अन्तर सरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाव फरक देखिएको छ । अत: पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**धरौटी तथा अन्य आकस्मिक कोष लगायतका कोषको मौज्दात थपघट**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१२८५११९९३.४१	(७५४६२०८.०२)	६२४७६९२७६.७०	६०४३९६४८३.१८	**१४१३३८५७८.९१**
एकीकृत आर्थिक विवरणअनुसार	१३४१४२३५९.३३		८९३८५७०११	८८६६६०७९१	१४१३३८५७८.९१
फरक	**५६३०३६५.९२**	**(७५४६२०८.०२)**	**१६६३८८६३१**	**१६६३८८६३१**	**०**

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१३,४०,६०,११०.३३ मौज्दात रहेकोमा यो वर्ष पालिका दिएको एकीकृत आर्थिक विवरणमा रु.१३,४१,४२,३५९.३ जिम्मेवारी सारेको छ भने सुत्रानुसार रु.१२,८५,११,९९३.४१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनेमा उल्लेख भए भन्दा एकीकृत आर्थिक विवरणमा

रु.८२,२४८.९ ले बढी जिम्मेवारी सारेको देखिन्छ भने सुत्रानुसार ५५,४८,११६.९२ घटि जिम्मेवारी सारेको देखिन्छ । अत: पालिकाले गत वर्षको मौज्दात र यो वर्षको जिम्मेवारीमा फरक पर्नुको कारण सहित यथार्थ वित्तीय विवरण पेश गर्नुपर्दछ ।

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख भएता पनि पालिकाले यस वर्षको आर्थिक कारोबारको वार्षिक रुपमा आन्तरिक लेखापरीक्षण गराएको छ । अत: कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई सोले औंल्याएका सुझाबहरु कार्यान्वयन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको छैन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम छन् -

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार तलबी प्रतिवेदन पारित नगरेको,
- राजस्व संकलनमा प्रयोग भएको सूचना प्रविधी प्रणाली महालेखा नियन्त्रक कार्यालयको स्वीकृती वेगर संचालनमा ल्याएको,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा तोकिए बमोजिम जिन्सी निरीक्षण नगरेको,
- मण्डनदेउपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ७१ मा तोकिए बमोजिम सहकारी संस्थाको अनुगमन नगरेको,
- भवन संहिता ऐन, २०५५ मा तोकिए बमोजिम भवन संहिताको पालना नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई कार्यसम्पादन स्थितिलाई सुदृढ बनाउनु पर्दछ ।

७ **बजेट तथा खर्च विश्लेषण**

७.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट

वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन सम्म गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना एवं कार्यान्वयन ऐनमा भएको व्यवस्था बमोजिम तोकिएको समयावधीभित्र गर्नुपर्दछ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्था बमोजिम कार्यान्वियन गर्नुपर्दछ ।

७.३ **बजेट पेश, पारित र अख्तियारी** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप-प्रमुखले मिति २०८० आषाढ १० मा रु.८१ करोड ३९ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८० आषाढ २५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८० श्रावण ७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा भएको व्यवस्था अनुसार बजेट पारित भएको समय देखि ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ साथै आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

७.४ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
(रु. हजारमा)

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च(%)	मौज्दात
१	आर्थिकविकास	३,२०,००	२,२०,३७	६८.८७	९९,६३
२	सामाजिकविकास	३६,८०,१९	३०,५९,२१	८३.१३	६,२०,९७
३	पूर्वाधारविकास	२०,०८,६५	१५,००,०८	७४.६८	५,०८,५८
४	सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र	२,४१,९१	१,५५,४०	६४.२३	८६,५०
५	कार्यालयसञ्चालन तथा प्रशासनिक	१८,८९,११	११,०८,९०	५८.७	७,८०,२१
कुल जम्मा		**८१,३९,८६**	**६०,४३,९६**	**७४.२५**	**२०,९५,८९**

उल्लेखित विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.२१ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा २.९७ प्रतिशत रहेको छ । तसर्थ पालिकाले आवश्यकताको आधारमा सबै क्षेत्रमा सन्तुलित विकास मार्फत जनताको जीवनस्तर सुधार गर्ने गरी बजेट विनियोजन र कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

७.५

त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु. हजारमा)

सि.नं	पूँजीगत शीर्षक	कुल खर्च रु.	प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिनाको खर्च रु.
१	नगरपालिका	१८,४९,८०	२,०९,२८	२,३४,६४	६,३५,२५	७,७०,६३	४,४१,५५
	खर्च प्रतिशत	१००	११.३१	१२.६८	३४.३४	४१.६६	२३.८७

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१८ करोड ४९ लाख ८० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ९ लाख २८ हजार (११.३१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ३४ लाख ६४ हजार (१२.६८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६ करोड ३५ लाख २५ हजार (३४.३४ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७ करोड ७० लाख ६३ हजार (४१.६६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४ करोड ४१ लाख ५५ हजार (२३.८७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

७.६ **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. ८ करोड ८८ लाख ५२ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ५३ करोड १ लाख २३ हजार समेत रु. ६१ करोड ८९ लाख ७५ हजार आम्दानी भएकोमा चालुतर्फ रु. ४१ करोड ९४ लाख १६ हजार र पूँजीगततर्फ रु. १८ करोड ४९ लाख ८० हजार समेत रु. ६० करोड ४३ लाख ९६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.७० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ४१ लाख ३९ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५.९१ प्रतिशत रहेको छ ।यस वर्ष कुल खर्च रकम रु. ६०,४३,९६,४८३।१८ मध्ये ६९.३९ प्रतिशत चालु र ३०.६१ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७.७ **अवण्डा बजेट** - पालिकाले यस वर्ष विभिन्न शीर्षकमा रु.३५,२७,१७१ बजेट अबण्डा राखी नगरभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगर प्रमुखको निर्णयबाट खानेपानी, मन्दिर, सडक डस्टविन खरिद लगायत २० वटा योजना तथा कार्यक्रम तर्जूमा गरी बजेट खर्च गर्ने गरेको देखिन्छ । बजेट अवण्डा राखी नगरभाबाट स्वीकृत नभएका योजनहरुमा कार्यपालिका तथा नगर प्रमुखको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७.८ **अनुदान फिर्ता** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ वित्तीय हस्तान्तरण रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको यस आर्थिक वर्षमा संघीय सरकारको अनुदान र प्रदेश सरकारको अनुदानको प्राप्ति, बजेट खर्च र अनुदान फिर्ताको विवरण देहाय बमोजिम रहेको देखिन्छ । **(रु हजारमा)**

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२६८४८७	२४४३४३	२४१४४
	विशेष	२००००	६९०	१९३०९
	समपुरक	८०००	५१७६	२८२३
प्रदेश सरकार	शसर्त	२२०९८	१९२११	२८८६
	समपुरक	३००००	२३७३५	६२६४
	जम्मा	**३४८५८५**	**२९३१५७**	**५५४२७**

उल्लेखित विवरण अनुसार पालिकामा संघीय अनुदान रु. २९ करोड ६४ लाख ८७ हजार प्राप्त भएकोमा रु.२५ करोड २ लाख ११ हजार खर्च भएको देखिन्छ । संघीय सरकारबाट प्राप्त भएको अनुदान मध्ये खर्च गर्न बाँकी रु. ४ करोड ६२ लाख ७६ हजार आर्थिक वर्षको अन्त्यमा संघीय संचित कोषमा फिर्ता गरेको छ । साथै प्रदेश सरकारबाट रु. ५ करोड २० लाख ९८ हजार अनुदान प्राप्त भएकोमा रु. ४ करोड २९ लाख ४७ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रु.९१ लाख ५१ हजार आर्थिक वर्षको अन्त्यमा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

८ योजना तर्जूमा र कार्यान्वयन

८.१ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

८.२ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८ करोड ४९ लाख ८० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

८.३ **योजना छनौट र कार्यान्वयन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

सि.नं	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	१	७००००
२	रु १ देखि ३ लाखसम्मको योजना	१७	३७५००००
३	रु ३ देखि ५ लाखसम्मको योजना	७२	३४७८००००
४	रु ५ देखि १० लाखसम्मको योजना	५६	४६३७८३७८
५	रु १० देखि २५ लाखसम्मको योजना	१२	२०३८७२७५
६	रु २५ लाख भन्दा माथिको योजना	७	७३४५००००
जम्मा		१६५	**१७८८२०६५३**

पालिकाले यस वर्ष रु.१० लाख भन्दा साना १४६ वटा योजनामा रु.८ करोड ४९ लाख ८३ हजार बजेट खर्च गरेको छ । तसर्थ पालिकाले साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धी हासिल गर्न कठिनाइ हुने, साना तथा वितरणमूखी योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुने र पालिकाको प्रशानिक खर्चमा वृद्धि हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी ठूला र प्राथमिकता प्राप्त योजना तर्जुमा गर्नुपर्दछ ।

८.४ **ठेक्का बन्दोवस्त** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधि भित्र सम्पन्न गरी बजेट प्रस्ताव गर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धी संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

रु. हजारमा

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता										यस बर्ष सम्पन्न	
	कुल जम्मा		प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक			
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
बोलपत्रबाट	३२	४०६८७१	०	०	०	०	३	८५९९४	२९	३२०८७७	३२	४०६८७१

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागि रु.४० करोड ६८ लाख ७१ हजार लागतको ३२ ठेक्का बन्दोबस्त गरेकोमा तेस्रो त्रैमासिकमा रु.८ करोड ५९ लाख ९४ हजारको ३ ठेक्का र चौथो त्रैमासिकमा रु.३२ करोड ८ लाख ७७ हजारको २९ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये वर्षान्तमा सबै ठेक्काको कार्य सम्पन्न भएको अवस्था छ । नियमावलीमा भएको उल्लेखित व्यवस्था बमोजिम प्रथम त्रैमासिक अवधि भित्र ठेक्का व्यवस्थापनको कुनै कार्य नभई दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा भएको देखिन्छ । ठेक्का व्यवस्थापन ढिलो हुँदा वर्षको अन्त्य तिर आयोजना निर्माण कार्य सम्पन्न गर्ने समयको चाप पर्ने, ठेक्का सम्पन्न गर्न कठिनाई हुने, ठेक्काको गुणस्तर कायम गर्न र सो अनुगमन गर्न पर्याप्त समयसमेत नहुने हुँदा नियमावलीमा तोकिएको अवधि भित्र ठेक्का बन्दोबस्तको कार्य गर्नुपर्दछ ।

८.५

निर्माण कार्य व्यवस्थापन - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०/८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ । **(रु. हजारमा)**

योजना संख्या	निर्माण व्यवसायी मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
१६५	३२	१०७२३३	१३३	७१५८७

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल १६५ योजना मध्ये ठेक्का मार्फत ३२ वटा योजनामा रु. १० करोड ७२ लाख ३३ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित १३३ योजनामा रु. ७ करोड १५ लाख ८७ हजार खर्च गरेको छ । अर्थात १६५ वटा योजना मध्ये १९.३९ प्रतिशत योजना ठेक्का प्रक्रिया मार्फत र ८०.६० प्रतिशत योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नुपर्दछ ।

८.६ **ठेक्का प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकामा यस आर्थिक वर्षमा भएका ठेक्काहरु मध्ये केही ठेक्काको प्रतिस्पर्धाको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स	कामको विवरण	निर्माण ब्यबसायी को नाम	ठेक्का न.	लागत अनुमान VATसहित	सझौता रकम	घटी प्रशिशत
१	फेदी चण्डेनी छाप आपघारी सडक	हिमालय क्रस-महाकाली जे	01/WORKS/NCB/MDM/080/081	३२९९४५००	२२९११३८७	-३०.७१
२	सिपाघाट हिंगुवापाटी फेदी बैकल्पिक सडक	युनिक कन्स्ट्रक्सन, मेलम्ची	03/WORKS/NCB/MDM/080/081	१९९९९८६६	९७९७५६६	-५१.४५
३	वडा नं. ८ का विभिन्न योजनाहरु वडा नं. ८(खर्क देखी कटरबोट सम्म ढलान, सेवक नेपाल वाल विद्यालय पहुच सडक निर्मँण डाँडाली टोल मसाने बाटोढलान)	मास्के कन्स्ट्रक्सन, पाँचखाल, काभ्रे	04/WORKS/NCB/MDM/080/081	२९९९८६८	१८२२४३९	-३९.२८
४	बैकल्पिक सडक ढोडिनी मुलावारी मुलाचौर सडक	डि.एन ओ निर्माण सेवा	05/WORKS/NCB/MDM/080/081	४९९९६३७	२८६४७५३	-४२.३५
५	वडा नम्बर ३ भित्रका बिभिन्न योजनाहरु(थालडाँड लापु लाकुरीबोट स्याङतानको घर सम्मको सडक लेक टोल सडक)	रोयल हिमालयन बिल्डर्स	16/WORKS/NCB/MDM/080/081	१२६४७५९	१२२२७७३	-८.३२
६	पशुउपचार सेवा पशु सेवा औषधी तथा उपकरण खरिद, ढुवानी तथा वितरण	काभ्रे भेटेनरी सेन्टर काभ्रे	17/GOODs/NCB/MDM/080/081	२०९९९४४	१३२६७४४	-४४.०९
७	सिमदह फेदी खोला नियमन योजना	एस आर एस वाइबा कन्स्ट्रक्सन, काभ्रे	18/WORKS/NCB/MDM/080/081	२८४४१५४	१४०७२०५	-५०.६१
८	वडा नम्बर ११ भित्रका खानेपानी तथा सिँचाइ योजना(वडा स्तरीय खानेपानी मर्मत संभार तथा माहन संरक्षण कार्यक्रम र सिंचाई पप तथा पाईप खरिद योजना	रोयल हिमालयन बिल्डर्स	20/WORKS/NCB/MDM/080/081	१२६४३०७	१२१८१७१	३.६५
९	वडा नम्बर २ भित्रका बिभिन्न खानेपानी योजना (लेकटोल खानेपानी	दीप लक्ष्मी कन्स्ट्रक्सन, काभ्रे	21/WORKS/NCB/MDM/080/081	१८९९५३४	१७९६२४२	-४.१७

	योजना, धुर्साले वडा कार्यालय अट्टेडाँडा प्रहरी कार्यालय खानेपानी योजना, मेसागाउ खानेपानी मर्मत वडा नं. 2)					
१०	वडा नम्बर ४ का सिंचाई तथा खानेपानी योजनाहरु(भौर्ले घट्टे झहरे, पिपरुम्टि जगते, सल्लेनी वन, कालिमुन्टी कुलो र डिहि रहले डवकेली अमारे सिकाने तिमल्सिना टोल धारखोल्सी खानेपानी योजना	गौतम एण्ड आरभ कन्स्ट्रक्सन प्रा.लि, पाँचखाल	23/WORKS/NCB/MDM/080/081	१६९७८२५	१५३९७२६	-९.३१
११	औद्योगिक ग्राम पहुचँ मार्ग चरण-२	गौतम एण्ड आरभ कन्स्ट्रक्सन प्रालि, पाँचखाल	24/WORKS/NCB/MDM/080/081	६२४९२८४	३०९९५८०	-५०.५७
१२	सित भण्डार निर्मँण कार्यक्रम	मनोज भण्डारी र राधाकृष्ण ट्रेड लिङ्क	32/work/SQ/mdm/2080/81	१३२०३५४	१४५९१६९	-२.२०

उल्लेखित विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी सिपाघाट हिंगुवापाटी फेदी बैकल्पिक सडकमा लागत अनुमानको तुलनामा ५१.४५ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने सबै भन्दा कम सित भण्डार निर्माणमा लागत अनुमानको तुलनामा २.२० प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । खुला बोलपत्रको माध्यामबाट कार्य गर्दा प्रतिस्पर्धाको स्थिति र निर्माण कार्यको गुणस्तर कायम हुने गरी ठेक्का व्यवस्था हुनुपर्दछ ।

९ जनशक्ति व्यवस्थापन

९.१ **तलवी प्रतिवेदन पारित नभएको-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. १८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने परिपत्र भएको छ । यस पालिकाबाट स्थायी करार कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित गराएको देखिएन । स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गरेपश्चात मात्र तलव भुक्तानी गरिनुपर्दछ ।

९.२ **दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र यस सम्बन्धी देखिएका व्यहोरारु निम्नानुसार रहेका छन् ।

क्र.स.	स्वीकृत पद	स्वीकृत दरबन्दी सख्या	पदपूर्ति		स्थायी पदपूर्ति हुन बाँकी
			स्थायी	करार	
१	नवौं/दशौं तह	२	०	०	२
२	आठौ तह	२	२	०	०
३	सातौ/आठौ तह	१	१	०	०
४	छैठौं तह	२	१	०	१
५	पाँचौ र चौथो तह	९८	६३	२१	१४
६	कार्यालय सहयोगी	२९	१	२८	०
७	ड्राइभर	८	०	५	३
जम्मा		**१४२**	**६८**	**५४**	**२०**

उल्लेखित विवरण अनुसार पालिकामा कुल १४२ दरबन्दी रहेकोमा विभिन्न ६८ पद स्थायी र ५४ पद करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ भने विभिन्न २० पदहरु पदपूर्ती गर्न बाँकी रहेको देखिन्छ । पालिकाले स्थायी पदपूर्ती हुने तर हाल करारमा नियुक्त गरेका पदहरु र रिक्त रहेका पदहरु समेत स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) मा तोकिए बमोजिम माग गरी करार सेवामा पदपूर्ती गरेका पदहरु स्थायी पदपूर्ती गर्ने तर्फ पहल गर्नुपर्दछ ।

९.३ **रिक्त पदको सूचना** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी १४२ पद रहेकोमा ६८ पद स्थायी, ५४ पद करारमा पदपूर्ति गरेकोमा २० पद रिक्त रहेका छन । पालिकाले गत विगत वर्षहरु देखि नै रिक्त पदपूर्तिका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिने गरेको भएता पनि रिक्त पदपूर्तिको लागि माग गरे अनुसार पदपूर्ति भएको देखिएन ।

१० **म्याद थप**

सार्वजनिक खरिद नियमावली, 2064 को नियम 120 मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले पालिकाको प्रशासकीय भवन निर्माणको लागि देहायको म्याद थप गरेको छ । जुन देहाय बमोजिम रहेको छः

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौतारकम	सम्पन्नगर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
01/Works-077/78	नगरपालिका प्रशासकीय भवन	२०७७।१०।९	१४,२२,९४,९४२	२०७९।०९।१६	१५५८१८१४०.५५	१५ महिन चौध दिन	६६.०४प्रतिशत

पालिकाले उपलव्ध गराएको विवरण अनुसार नगरपालिका प्रशासकीय भवन निर्माणका लागि मिति २०७९।९।१६ मा सम्पन्न गर्ने मिति २०७७।१०।९ मा सम्झौता भई निर्माण कार्य सुरु भएकोमा पटकपटक म्याद थप गरी यस आर्थिक वर्षमा कार्य सम्पन्न भएको छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न सकेसम्म प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ म्याद थप गर्दा पालिकाले म्याद थपको विस्तृत कारण सहितको विवरण अद्यावधिक गरी राख्नुपर्दछ ।

११ **कर कट्टी नगरेको**

१६३।२०८१।२।१४ स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका संघीय अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन आर्थिक वर्ष २०८०।८१ अनुसार महिला स्वास्थ्य स्वयं सेविकाको लागी पोशाक प्रोत्साहन अन्तर्गत पोशाक खर्च भुक्तानी गर्दा सामाजिक सुरक्षा कर कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ६८ जना महिला स्वयं सेविकालाई रु. ६,८०,००० पोशाक खर्च लेखेकोमा कर कट्टी नगरेकोले कर कट्टी बापत रु.६८०० दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,८००

१२ **डि.पि.आर. कार्यान्वयनको अवस्था**

पालिकाबाट प्राप्त विवरण अनुसार ब्रम्हायणी मा वि भवन निर्माण कार्यको लागि आर्केन इन्जिनियरिङग एण्ड कन्सलटेन्सी प्रा.लि. बाट आर्थिक वर्ष २०७९।८० मा डि.पि.आर. गरी रु.९,४०,१६० भुक्तानी गरेको छ । उक्त योजना बजेटको अभावको कारण कार्यान्वयनमा आउन सकेको छैन् भन्ने पालिकाको भनाई रहेको छ । त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परामर्श सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

१३ **उपभोक्ता समितिबाट निर्माण कार्य**

पालिकाले यस वर्षको वार्षिक योजना तथा कार्यक्रम अनुसार सञ्चालित विभिन्न भौतिक पूर्वाधार लगायत निर्माण योजनाहरुमा रु.१७ करोड ८८ लाख २० हजारमा सम्झौता गरेको छ । उक्त योजना मध्ये ३२ वटा कार्य बोलपत्रद्धारा गरेको छ भने १३३ वटा कार्य उपभोक्ता समिति मार्फत गराई रु.७ करोड १५ लाख ८७ हजार भुक्तानी गरेको छ । यस सम्बन्धमा देहायका व्यहोराहरु देखिएका छन् :

(क) उपभोक्ता समिति दर्ता - पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउने प्रयोजनको लागि उपभोक्ता समिति दर्ता गर्ने र सो को अभिलेख राख्ने कार्यविधि तयार गरी लागू गरेको छैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेकोमा मान्यता प्राप्त हुने गरी दर्ता भएको पाईएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भार कार्यमा जिम्मेवार बनाउन कठिनाई हुने भएकाले उपयुक्त कार्यविधि स्वीकृत गरी स्थायी संयन्त्र मार्फत काम गर्ने गराउने गरी प्रणालीको विकास गर्नुपर्दछ ।

(ख) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित आयोजनाहरु मध्ये उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरु सञ्चालन भईसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गरेको छैन । समयमै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ ।

(ग) हेभि-ईक्विपमेन्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ९ मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभि मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उपनियम ९(क) अनुसार सो विपरीत हेभि मेशिन प्रयोग गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको भएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको देखिएन ।

(घ) जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन औजार, उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर सी सी फ्रेम स्ट्रक्चर सहितका भवन, पुल कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराएको छ । यस्ता कार्यहरु व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको प्रतिस्पर्धात्मक विधि मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

(ङ) मर्मत सम्भार कोष - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम १५ मा उपभोक्ता समितिले सम्पन्न आयोजनाको सेवा उपयोग गरेबापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्नुपर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत सम्पन्न आयोजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाईएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाईएकोले निर्मित आयोजनाहरुको सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

१४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौटको कारबाही देहाय बमोजिम रहेको छ ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फछ्र्यौट/कारवाही भएका विवाद	फछ्र्यौट/कारवाही हुन बाँकी विवाद
२१	२२	४३	३७	६

उल्लेखित विवरण अनुसार पालिकामा गत वर्षबाट मौज्दात सरेका विवाद तथा उजुरी २१, यस वर्ष थप २२ गरी जम्मा ४३ वटा रहेकोमा यस आर्थिक वर्षमा ३७ वटा फछ्र्यौट गरी ६ वटा बाँकी रहेको देखिन्छ । तसर्थ पालिकाले न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही टुङ्गो लगाउनु पर्दछ ।

१५ कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	३३
२.	नियमावली	१५
३.	कार्यविधि	३८
४.	निर्देशिका	३
५.	नर्म्स	३
	जम्मा	**९२**

पालिकाले आर्थिक वर्ष २०८०।८१ सम्म ३३ ऐन, १५ नियमावली र ३८ कार्यविधि, ३ निर्देशिका तथा ३ वटा नर्म्स गरी जम्मा ९२ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

१६ **आन्तरिक आय तर्फ**

१६.१ **आन्तरिक आयको लक्षय र असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आन्तरिक आय			
आयशिर्षिक	अनुमान	असुली	असुली प्रतिशत
११३१३ सम्पतीकर	५०२००००.	८७८८३१.४८	१७.५१
११३१४भुमिकर/मालपोत	१००००००००.	१००१४९०७.९९	१००.१५
११३१७ वहाल कर	४५०००००.	३९१११६५.७२	८६.९१
११३१८ वहालविटौरी कर	५००००००.	१९,५००.००	०.३९
११४५१ सवारीसाधन कर (साना सवारी)	०	१,०००.००	१०००००
११४५२पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	०	२२०.	२२०००
११६३१ कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	११०.	११०००
११६९१ अन्य कर	०	४३२६४९.४३	४३२६४९४३
१४२११ कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम	०	१५,०००.००	१५००००००
१४२१२ सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम	०	१०,०००.००	१००००००
१४२१३ अन्यबिक्रीबाट प्राप्त रकम	०	६,७१०.००	६७१०००
१४२१९ अन्यसेवा शुल्क तथा बिक्री	०	२०,०३५.००	२००३५००
१४२२३ शिक्षाक्षेत्रको आम्दानी	०	१,१८०.००	११८०००
१४२२४ परीक्षाशुल्क	०	४९,२००.००	४९२००००
१४२२५ यातायातक्षेत्रको आम्दानी	०	८००.	८००००
१४२२९ अन्यप्रशासनिक सेवा शुल्क	११००००००.	८२०३९०.	७.४६
१४२४२ नक्सापासदस्तुर	८००००००.	५७०८८३.९५	७.१४
१४२४३ सिफारिशदस्तुर	१००००००००.	३०९८५४७.५	३०.९९
१४२४४व्यक्तिगत घटना दर्ता दस्तुर	१५००००.	६५६९२०.	४३७.९५
१४२४५ नाताप्रमाणित दस्तुर	३०,०००.००	५२,७५०.००	१७५.८३
१४२४९ अन्यदस्तुर	०	११२१०६५.७	११२१०६५७०
१४२५३ व्यावसायरजिष्ट्रेशन दस्तुर	०	५२७५२०१.	५२७५२०१००
१४२६५ अन्यक्षेत्रको आय	०	१,८१०.००	१८१०००
१४३११ न्यायिकदण्ड जरिवाना र जफत	०	४९,८६९.००	४९८६९००
१४३१२प्रशासनिक दण्ड जरिवाना र जफत	३०००००.	७५२१००.	२५०.७
१४५२९ अन्यराजस्व	६४७५७३३.	६३१४६२७.	९७.५१
१४६११ व्यवसायकर	३००००००००.	३२,८२०.००	०.११
१५१११ बेरूजू	०	११८६३८.	११८६३८००
१४१५७ बाँडफाँडभई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	५५००००००.	५४६२५४८७.०२	९९.३२

जम्मा	१४५४७५७३३.	८८८५२४१८.७९	६१.०८

पालिकाले यस वर्षमा रु.१४,५४,७५,७३३ आय संकलन गर्ने अनुमान गरेता पनि रु.८,८८,५२,४१८.७९ मात्र संकलन गरेको छ जुन आय अनुमानको तुलनामा ६१.०८ प्रतिशत मात्र सङ्कलन गरेको देखिन्छ । पालिकाको आन्तरिक आयको लक्ष्यको तुलनामा न्यून कर संकलन गरेको देखिन्छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी सम्पत्ति कर मालपोत शूल्क दस्तुर र सेवा शुल्क लगाएत गत विगत वर्ष देखि उठ्न बाँकी रहेको रकमको आकलन समेतलाई विश्लेषण गरी आन्तरिक आय वृद्धि हुने गरी आयको अनुमान यथार्थपरक बनाई सोही बमोजिम क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

१६.२ **आन्तरिक आय र खर्चको विश्लेषण** - पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	आन्तरिक आय रु.	पालिकाको जम्मा खर्च रु.	खर्चको तुलनामा आन्तरिक आयको प्रतिशत
१	२०८०।८१	८,८८,५२,४१८.७९	६०,४३,९६,४८३.१८	१४.७०

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.६० करोड ४३ लाख ९६ हजार रहेको छ भने राजश्व संकलन रु. ८ करोड ८८ लाख ५२ हजार गरेको छ । पालिकाको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १४.७० प्रतिशत रहेको देखिन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

१६.३ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई केही व्यक्तिहरुलाई ट्रिपर रोक गर्न लगाएर राजश्व संकलन गर्न लगाएकोमा लेखापरीक्षणको समय सम्म सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । यसले गर्दा व्यक्तिहरुले रसिद नै नदिएर रकम हिनामिना गर्न सक्ने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

१६.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सम्पत्ति कर, भूमिकर, मालपोत, प्रशासनिक दण्ड जरिवाना, बहाल विरौटी कर, दहत्तर वहत्तर बिक्री आय, सेवा शुल्क लगायतबाट रु. ८ करोड ८८ लाख ५२ हजार राजश्व असुली गरेको देखियो । पालिकाभित्रका केही वडाहरुको नमूना छनौट गरी राजश्व असुली परीक्षण गर्दा हाल स्वचालित प्रणाली मार्फत SuTRA को राजश्व मोड्युल अनुसार नै राजश्व संकलन गर्ने गरेको भएपनि कति राजश्व उठ्नुपर्ने थियो कति असुली भयो तुलना तथा भिडान गर्न सकिने पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजश्वको सम्बन्धमा एकिन हुन सकिएन । साथै कुनै वडाहरुले सोही दिन वा भोलिपल्ट नै राजश्व बैंक दाखिला गरेको नदेखिएकोले कानून बमोजिम तोकिएको समयमै बैंक दाखिला गर्नुपर्दछ ।

१६.५ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५३,०८,०२१ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१७ **आन्तरिक आय ठेक्का**

१७.१ मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको इन्द्रावती नदी क्षेत्रको तोकिएको १३ वटा स्थानबाट नदीजन्य पदार्थ (रोडा, ढुङ्गा, बालुवा, ग्रावेल) संकलन गर्ने कार्य (ठेक्का नं. 1/IR/2080/81) का लागि सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. का.म.न.पा.-१४, बल्खुसँग रु.

१०,२८,७७,९९९।९९ मा मिति २०८०।३।३१ मा ठेक्का सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छ ।

- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, नदीजन्य पदार्थ(संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिको बुँदा नं. ९ नदीजन्य पदार्थको संकलन समय सम्बन्धित आर्थिक वर्षको आश्विन महिनादेखि जेष्ठमसान्त सम्म हुने उल्लेख छ । सोही कार्यविधिको परिच्छेद ६ मा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था गरेको छ ।
- परामर्शदाता माउन्टेन एट्स कन्सल्टेन्सी प्रा.लि. ले पेश गरेको नदीजन्य सामाग्री ढुङ्गा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् कार्यसम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम संकलन गर्न पाउने परिमाण ९६,०७,७९८।९ क्यूव फिट तोकिएको साथै प्रतिवेदनको बुँदा नं. २.२.८ मा ठेक्का वा टेण्डर लागेको आर्थिक वर्षको असार, श्रावण र भाद्र महिना बाहेक बाँकी ९ महिना उत्खनन् सम्बन्धी कार्य सञ्चालन गर्न सकिने उल्लेख गरेको छ ।
- बुँदा नं. १५(५) बमोजिम स्थानीय तहमा अनुगमन समिति गठन गरी नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने, बुँदा नं. १६(३) ढुँङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य प्रारम्भ भई सकेपछि यस कार्यविधि तथा वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा स्थानीय अनुगमन समितिले नियमित अनुगमन गर्नुपर्ने थप व्यवस्था छ ।
- तर पालिकाले गरेको सम्झौताको शर्तको बुँदा नं. २७ मा अन्यथा तोकिएको बाहेक ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट २०८१।३।३१ सम्म बिहान ७ बजे देखि बेलुका ५ बजेसम्म उत्खनन् तथा संकलन समय अवधी हुने भनि सम्झौता गरेको आधारमा २०८०।४।१ देखि २०८१ असार मसान्त सम्मको अवधी तोकी मिति २०८०।३।३१ च.नं. २३९४ बाट ठेकेदार सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. लाई चलान पट्टा दिएको देखियो ।संकलन तथा उत्खनन् कार्यको लागि कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदनले तोकिएको समयवाधि बाहेकका सो आर्थिक वर्षका महिनाहरु असार, साउन र भाद्र समेत वर्षै भरी उत्खनन् कार्य गर्न पाउने गरी सम्झौता गरी चलान पट्टा दिनुपर्नाको उचित कारण र औचित्य पुष्टि गर्ने निर्णय पेश भएन ।
- परामर्शदाताले पेश गरेको वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेबमोजिम तोकिएका विभिन्न १३ स्थानबाट ९६०७७९८।९ घनफिट परिमाण संकलन गर्न पाउने गरी सूचना प्रकाशन गरिएकोमा प्राप्त ४ बोलपत्रदाताहरुमध्ये सबैभन्दा बढी रु. १०,२८,७७,९९९।९९(मू.अ.कर समेत) कवोल गर्ने सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. सँग सम्झौता गरी कार्यादेश दिएको देखियो ।
- प्रदेश आर्थिक ऐन, २०८० ले अनुसूची ५ बमोजिम प्रतिघनफिट रु. ९ का दरले शुल्क र सो मा १३ प्रतिशतका दरले लाग्ने मूल्य अभिवृद्धिकर रु. १।१७ समेत प्रति घनफिट १०।१७ का दरले असुल गरी ४० प्रतिशतले हुने रु. ३,६४,१६,९९१।३४ सम्बन्धित प्रदेश सञ्चित कोषमा र ६० प्रतिशतले हुने रु. ५,४६,२५,४८७।०१ स्थानीय विभाज्य कोषमा र मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजश्व कार्यालयको राजश्व शीर्षक नं. ३३३१७ मा विभिन्न मितिमा दाखिला गरेको छ ।

संकलन गर्न पाउने परिमाण ९६,०७,७९८।९ घन फिट मा प्रदेश आर्थिक ऐन,२०८० ले तोकेको दर रु.१०.१७ (मू.अ.कर समेत) उक्त परिमाणको रु.९,७७,११,३१५ हुनेमा रु.१०,२८,७७,९९९।९९ असुल भएको छ । कार्यविधिको परिच्छेद ४ को दफा नं. १६ मा ठेकेदारले उत्खनन् तथा बिक्री वितरणको कार्यको स्पष्ट अभिलेख राख्नुपर्ने र माथि उल्लेखित व्यवस्था बमोजिम अनुगमन समितिले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा गरेको छैन ।

१७.२ **रसिद नियन्त्रण खाता-** आन्तरिक नियन्त्रण प्रणाली मजवुत बनाउन तोकिएको म.ले.प.फा.नं. र अभिलेख अद्यावधिक राख्नुपर्दछ । पालिकाले नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा निकासी प्रयोजनको लागि प्रयोग हुने संक्षिप्त कर विजक सि.नं. १ देखि ३४००० सम्म प्रति प्याड संख्या ५० का दरले ६८० प्याड र कर विजक सि.नं. १ देखि १७००० सम्म प्रति प्याड संख्या ५० का दरले ३४० प्याड समेत १०२० वटा नगदी रसिद छपाई नम्बरिङ तथा प्रमाणित गरी व्यवसायी सुदिपा ट्रेडिङ कम्पनी प्रा.लि. लाई उपलब्ध गराएको अभिलेख (प्राप्ति रसिद नियन्त्रण खाता म.ले.प.फा.नं. ९०४) बाट देखिन्छ । सम्बन्धित व्यवसायीले नगदी रसिद बुझिलिएकोमध्ये कति रसिदहरु प्रयोग भए, प्रयोग नभई वर्षको अन्त्यमा कति बाँकी रह्यो, कति प्याड फिर्ता भयो सो को विवरण पेश भएको छैन । बुझेको, प्रयोग गरेको र बाँकी रहेको रसिदको अद्यावधिक अभिलेख नराखेको कारणबाट सम्झौता बमोजिम तोकिएको स्थानबाट तोकिएको परिमाणमा तोकिएको समयावधीभित्र मात्र उत्खनन् तथा बिक्री वितरण निकासी गरिएको र सोही बमोजिम

आम्दानी गरेको छ भनि आश्वस्त हुन सकिएन । पालिकाले आ.व. २०८०।८१ मा इन्द्रावती नदीबाट ढुङ्गा , गिट्टी, बालुवालगायत नदीजन्य पदार्थ संकलन तथा बिक्री गरी आय संकलन गर्नका लागि ठेक्का सम्झौता भई नगरपालिकाबाट प्रमाणित गराएर उपलब्ध गराएका नगदी रसिदहरु प्रयोग भएको र बाँकी रहेको फिर्ता गर्न अनुरोध गरी मिति २०८१।४।१३ मा प्रथम पटक र मिति २०८१।७।२५ मा दोस्रो पटक ताकेता गरी सम्बन्धित ठेक्केदारलाई पत्र पठाएकोमा रसिदहरु फिर्ता गरेको छैन ।अत: जारी गरेको विजकको ढाँचा अनुसार निकासी मिति, समय, नदीजन्य पदार्थको विवरण, मालबहाक साधनको किसिम, गाडी नं. , क्यू. फिट परिमाण दर, मूल्य समेत खुल्ने गरी अद्यावधिक अभिलेख गर्नुपर्दछ ।

१८ आय ठेक्का नलागेको

पालिकाले वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिस गरे अनुसार उत्खनन्, संकलन, बिक्री कार्यको लागि परिमाण र शुल्क तोकी देहायका २ स्थानबाट उक्त कार्यका लागि ठेक्का आव्हान गरेकोमा २ पटक सूचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र पेश हुन आएन । ठेक्का प्रक्रियाबाट कार्य नहुने अवस्थामा अमानतको माध्यमबाट नदी पदार्थको उत्खनन् तथा संकलन गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ पहल गर्न सक्ने अवस्थामा अमानतबाट सो कार्य गरेको देखिएन ।

ठेक्का नं.	उत्खननको लागि सिफारिस क्षेत्र	सूचना प्रकाशन		परिमाण	न्यूनतम अंक मू.अ. कर
		प्रथम पटक	दोस्रो पटक		
2/IR/2080/81	चाखोला र आशीखोला क्षेत्रको १० स्थान	२०८०।२।१७	२०८०।३।१९	३७७९८२.११५ घन फिट	३१३२१७८।१२
3/IR/2080/81	ढाडखोला र थारखोला क्षेत्रको ७ स्थान	२०८०।२।१७	२०८०।३।१९	२७६३०४.५६ घन फिट	२८१००१७।३८

१९ सहकारी तर्फ

१९.१ **सहकारी कानून निर्माण** - नेपालको संविधानको धारा ५७ (६) अनुसार उपधारा (३) वा (५) बमोजिम प्रदेश सभा, गाउँ सभा वा नगर सभाले कानून बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनुपर्नेछ र प्रदेश सभा, गाउँ सभा वा नगर सभाले बनाएको त्यस्तो कानून संघीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । त्यसैगरी संविधानको अनुसूची - ५ संघको अधिकार सूची अन्तर्गत बुदाँ नं. ३० मा फौजदारी र देवानी कानूनको निर्माण गर्ने अधिकार संघको रहेको छ । तर मण्डनदेउपुर नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ८० अन्तर्गत विभिन्न कसुरका लागि १ वर्ष देखि १० वर्ष सम्म कैद सजाय व्यवस्था छ । त्यसैले देवानी तथा फौजदारी कानून निर्माण गर्ने संवैधानिक तथा कानूनी क्षेत्राधिकार संघीय सरकारको देखिएकाले उल्लेखित कानूनी व्यवस्थामा सुधार हुनुपर्दछ ।

१९.२ **सहकारी संस्थाको विवरण** – पालिकामा वचत तथा ऋण सहकारी संस्था लि. ३२ वटा, बहुउदेश्यीय सहकारी संस्था लि. ३० वटा, कृषि सहकारी संस्था लि. ४१ वटा र अन्य विभिन्न सहकारी संस्था ६८ गरी १७१ वटा सञ्चालनमा रहेको देखिन्छ । सहकारी ऐन, २०७५ को दफा ५ मा दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने, दफा ५१ मा तोकिएको प्रतिवेदन सहितको विवरण प्रत्येक वर्ष उलब्ध गराउनु पर्ने, ऐनको दफा ७० मा सहकारी संस्थाको विवरण निरीक्षण तथा अभिलेख जाँच गर्ने र ७३ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा सहरकारी संस्थाको सदस्य संख्या, शेयर पूँजी, बचत, ऋण लगानी, जगेडा कोषलगायतका विवरणहरु अद्यावधिक गरेको देखिएन । अतः पालिकामा सक्रिय रुपमा संचालनमा रहेका सहकारी संस्थाहरुलाई पालिकामा आवद्ध गर्न सकेको देखिएन । सहकारी सदस्यहरुको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिएको देखिएन । नेपालको संविधानले सहकारी संस्थाको दर्ता देखि विघटन सम्मका सम्पूर्ण जिम्मेवारी स्थानीय तहको एकल अधिकार सूची अन्तरगत राखेको तथा सहकारी क्षेत्र भित्रको सम्पूर्ण अविभावकिय दायित्व स्थानीय तहको रहेकोले सहकारी संस्थाहरुलाई पालिकाको सहकारी ऐन बमोजिम संचालनमा ल्याउने तर्फ पहल गर्नुपर्दछ ।

१९.३ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन ।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२० शिक्षा तर्फ

२०.१ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति** - आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ४२ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ति	पदपूर्ति मध्ये राहत	पदपूर्ति मध्ये करार	रिक्त दरबन्दी
सामुदायिक	३१५	१५९	९०	६६	नरहेको

उक्त विवरण अनुसार पालिकामा जम्मा ३१५ दरबन्दी रहेकोमा १५९ पद स्थायी पदपूर्ति, ९० पद राहतमा र ६६ पद करारमा नियुक्त गरी पदपूर्ति गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ पहल गर्नुपर्दछ ।

२०.२ **शिक्षक विद्यार्थी अनुपात** - संघीय व्यवस्था अनुसार विद्यार्थि शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र तराई भेगमा ५०:१ रहने व्यवस्था छ । सोही ऐनको १२ (क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्र.सं.	विद्यालय नाम रठेगाना	शिक्षक संख्या	विद्यार्थी सङ्ख्या	विद्यार्थी शिक्षकअनुपात
1.	भद्रकाली नि.मा.वि. नाल्दुम, चुरिथुम्का	१०	५०	१:५
2.	नगरहोप प्रा.वि.	५	१०२	१:२०
3.	महाकाली उ.मा.वि. चैनपुर	२१	४३१	१:२०
4.	भवानी प्रा.वि.सालठाटी भवानीपुर	१	३१	१:३१
5.	पञ्चकन्या प्रा.वि.सल्लेवास	४	१४	१:३
6.	कालीदेवी प्रा.वि. नौबिसे हिगुवापाटी	७	१४६	१:२०
7.	राधाकृष्ण घनश्याम आ.वि.	९	४१	१:४
8.	कालिका नि.मा.वि. हलेदे देविस्थान	११	५२	१:४
9.	कालीकुमारी प्रा.वि.गणेशस्थान	३	१०	१:३
10.	वागदेवी उ.मा.वि.देउराली	१७	३३३	१:१९

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४६ वटा विद्यालय ३६३ जना शिक्षक र ४,६६२ जना विद्यार्थी रहेकोमा शिक्षक विद्यार्थी अनुपात न्यूनतम १:३ देखि अधिकतम १:३१ रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:११ रहेको छ । सो अनुसार

विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्था रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । नियमावलीमा तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम हुने गरी न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एव् शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

२०.३ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन** – पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२० रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

२१ स्यानेटरी प्याड खरिद

२३४।२०८१।३।२० स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले एन्जल टच हाईजिन म्यानुफ्याक्चरिङ बाट बाट २०४१३ थान स्यानिटरी प्याड रु ६,३२,०२७ (मू.अ. कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा मिति २०८१।३।२ मा खरिद कार्य सम्पन्न गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

२२ अनुदान व्यवस्थापन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

क्र स	गो.भौ.नं र मिति	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	अनुदान रकम
१.	२१३।२०८१।३।१७	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान	धानको बीउ वितरण	४०४४५०
२.	२५९।२०८१।३।२२	बाख्रा पकेट निरन्तरता कार्यक्रम	२ वटा समूह	७०००००
३.	२७५।२०८१।३।२४	आलुबाली पकेट विकास कार्यक्रम निरन्तरता	१ वटा समुह	४८६४९९
४.	२३।२०८१।३।२१	कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम	नखुलेको	९६९३०३
५.	३५।२०८१।३।२१	कृषि व्यवसाय मार्फत जीविकोपार्जन सुधार कार्यक्रम -दलित समुदायका लागि बाख्रा खरिद_	४१ कृषक	१००००००
६.	२६।२०८१।३।२२	पशुपालन प्रवर्द्धन कार्यक्रम -गोठसुधार कार्यक्रम	१० वटा पशुपंछि फर्म	१००००००
जम्मा				**४५६०२५२**

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा अनुदान वितरणमा रु.४५,६०,२५२ खर्च लेखेको छ ।कार्यालयले विभिन्न कृषि तथा पशुपंछी कृषक समूह तथा फर्महरुलाई विभिन्न कार्यका लागी अनुदान उपलब्ध गराएकोमा सोको उपयोग स्थिति तथा उपलब्धीको अनुगमन गरेको देखिएन । अत: अनुदान रकमबाट नागरिकको जीवनस्तरमा भएको परिवर्तन, रोजगारीमा वृद्धि, पूँजी तथा प्रविधिमा सुधार, राजश्वमा योगदान तथा अन्य सरोकारवालामा सकारात्मक सोच एवं व्यावसायिक अनुसरणबाट आर्थिक गतिविधिमा भएको परिवर्तन जस्ता पक्षमा देखिएको सकारात्मक सूचकको लेखाजोखा गरी अनुदान दिने कार्यलाई व्यवस्थित बनाउनुपर्दछ । साथै वितरित अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा के कति वृद्धि भयो सोको तथ्याङ्क लिई अनुदानलाई उत्पादकत्वसँग जोड्ने गरी एकिकृत अनुदान निति तथा कार्यक्रम तर्जुमा गरी पारदर्शि रुपमा प्राथमिकता तथा निश्चित मापदण्डमा आधारमा दोहोरो नहुने गरी अनुदान दिने व्यवस्था हुनुपर्दछ ।अनुदान रकम प्रवाह गरेकै आधारमा वितरित रकमको समुचित उपयोग भएको भनि विश्वस्त हुने अवस्था देखिंदैन । वितरित अनुदान रकमको सम्बन्धमा लाभग्राहीको छनौट प्रक्रिया र निर्णय, गत विगतमा अनुदान पाउनेको विवरण, अनुदान प्राप्त गर्नेले सही उपयोग गरेको छ छैन सो को सुनिश्चित हुने अनुगमन प्रतिवेदन सहित खुल्ने गरी अभिलेख राखी कार्यसम्पादन तथा उपलब्धी स्थितिको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

२३ **गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन**

७२७।२०८१।३।२१ लागत साझेदारी कार्यक्रम अन्तर्गत स्वीकृत लागत रु. २०,३५,७९४।– रहेको गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न बाग्मती प्रदेश सामजिक विकास मन्त्रालयले ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत लागत व्यहोर्ने गरी २०८०।१२।२८ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

- गृहणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा १०(२) बमोजिम विषय क्षेत्र छनौट गरिएको आधारमा वडा नं. ९ र १० का गृहणी महिलाहरुको लागि १५ दिने बेमौसमी तरकारी खेती सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरी खर्च लेखेको छ । सम्झौताको बुँदा नं. १० मा कार्यक्रम सम्पन्न भए पछि प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयमा पेश गर्नुपर्ने उल्लेख भएकोमा प्रगति प्रतिवेदन पेश गरेको देखिएन ।

२४ **एकल महिला क्षमता अभिवृद्धि कार्यक्रम**

७८८।२०८१।३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने बिल भरपाई तथा अन्य आवश्यक कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहको छ । सहायक पाँचौ श्री जानकी देवी मिश्रले मानव अधिकारका लागि एकल महिला क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी पेश गरेको सशक्तिकरण कार्यक्रम अन्तर्गत फाँटवारी अनुसार ९९ जना सहभागीलाई प्रति सहभागी रु.६०० का दरले रु.५९,४०० भरपाई संलग्न गरी भुक्तानी लिएको देखिन्छ । सविता श्रेष्ठ समेत ८३ जनाको उपस्थिति भएकोमा सोही बमोजिम रु.४९,८०० मात्र भुक्तानी हुनुपर्नेमा रु.९६०० बढी भुक्तानी भएकोले उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९,६००

२५ **अन्य कार्यालयलाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता,मितव्ययिता र प्रभावकारिताका आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायको भौचर नम्बरबाट संघीय कार्यालयहरुको खर्च समेत व्यहोरेको देखियो । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा आफ्नो दायरा भन्दा बाहिरका निकायको खर्चमा नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायबाट पनि यस्तो बजेट विनियोजन भए नभएको यकिन गरी दोहोरो पर्न सक्ने सम्भावनालाई समेत ध्यान दिई खर्च गर्नुपर्नेमा आधार र औचित्य पुष्टि वेगर रकम उपलब्ध गराउनु उचित देखिएन । खर्च विल भरपाई संलग्न नगरी अन्य निकायलाई भुक्तानी गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

भौ.नं. र मिति	भुक्तानी पाउने	व्यहोरा	रकम	कैफियत
३९।२०८०।६।१६	जिल्ला समन्वय समिति, काभ्रे	संघ, प्रदेश, स्थानीय तह अन्तर्गत योजनाको अनुगमन गर्ने प्रयोजन	१०,००,०००	
७१०।२०८१।३।२०	जिल्ला समन्वय समिति, काभ्रे	संघ, प्रदेश, स्थानीय तह अन्तर्गत योजनाको अनुगमन गर्ने प्रयोजन	१०,००,०००	न.का.पा. को २०८१।३।१० को निर्णय
३७०।२०८०।११।१४	काभ्रे उद्योग वाणिज्य संघ	बृहत काभ्रे कृषि महोत्सव, २०८०	२,००,०००	आर्थिक सहयोग
जम्मा			२२०००००	

२६ **खर्चको भरपाई पेश नभएको**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९९,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१,१७३,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३०९,६२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२७ **अनुत्पादक क्षेत्रमा लगानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसार गाउँपालिका तथा नगरपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा सुधार हुने, तथा समावेशितालाई आत्मसात गर्ने योजना छनौट गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको भौ.नं. बाट विल भरपाई संलग्न नगरी, स्वीकृत वार्षिक कार्यक्रममा समेत समावेश नभएकोमा विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराएकोमा यस प्रकारको खर्चले सम्बन्धित व्यक्ति वा समुदायको आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुगे, नपुगेको, जनताको जीवनस्तरमा सुधार भए नभएको, तथा समावेशितालाई आत्मसात गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन ।

भौ.नं./मिति	कार्यक्रमको नाम	खर्च रकम
६१।२०८०।९।१९	नगरकोट नाल्दुम पर्यटन विकास समितिलाई अनुदान	५०००००
८४।२०८०।११।१४	जिल्ला अदालत काभ्रे, पूँजीगत सामान खरिदबापतको भुक्तानी	५०००००
८५।२०८०।११।१८	डसटविन खरिद	१०००००
१३०।२०८१।१।१३	मनमती मन्दिर निर्माण	५५२३३०
६७१।२०८१।३।१६	नेपाल तामाङ्ग घेदुङ मण्डनदेउपुर नगर समिति	३०००००
	सरद हुमागाईं भ्वाईस युनिभर्स उपाधि सम्मान	२०००००
१२५।२०८०।७।२२	मिस ट्यालेन्ट ईन्टरनेशनलमा सहभागी हुन कम्वोडिया जानको लागी सलिना नेपाललाई प्रोत्साहन	२०५०००

२८ **बैठक भत्ता भुक्तानी**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी(पहिलो संशोधन) ऐन,२०७६ को दफा ८(क) अनुसार एकै प्रकृतिको समितिको बैठक भत्ता महिनामा जतिसुकै बसेपनि उपस्थित सदस्यले मासिक बढीमा ४ पटक सम्मको बैठक भत्ता पाउने व्यवस्था रहेको छ ।पालिकाले मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्म ७२ पटक बैठक बसी प्रति व्यक्ति रु. ८५० (रु.१५० कर कट्टी गरी) का दरले ७२ दिनको रु.६१२०० देहाय बमोजिम 2 जनालाई वर्षभरीमा रु.१,22,4०० भुक्तानी गरेको देखियो ।उल्लेखित व्यवस्था बमोजिमव प्रति महिना प्रति व्यक्ति ४ वटा बैठकका दरले १२ महिनाको रु. ८५० का दरले ४८ दिनको रु.४०,८०० का दरले २ जनालाई रु.८१,६०० भुक्तानी दिनुपर्नेमा रु.१,२२,४०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.४०,८०० सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु.

भौ.नं./मिति	**भुक्तानी पाउनेको नाम**	**वार्षिक बैठक बसेको संख्या**	**वर्ष भरीमा भुक्तानी पाउने बैठक संख्या**	**वार्षिक भुक्तानी हुनुपर्ने रकम**	**भुक्तानी भएको रकम**	**बढी भुक्तानी**
७१७।२०८१।३।२०	प्र.प्र.अ.लक्ष्मी प्रसाद बास्कोटा	७२	४८	४०८००	६१२००	२०४००
	सि.अ.हे.व. दिपक कुमार घिमिरे	७२	४८	४०८००	६१२००	२०४००
जम्मा						**४०८००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	४०,८००

२९ **प्रशासकीय भवनको उद्घघाटन खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **११०,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३० **PNC भिजिट फाराम रुजु गरेबापतको भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **१०,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **औषधी खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले रु.३२,९२,७६२।- को औषधि खरिद गरेको देखिन्छ । खरिद गरिएका औषधीहरुमा अधिकांशत खुलाउनुपर्नेमा उल्लेखित विवरण खुलाएको देखियो । पालिकालाई वार्षिक आवश्यकताको परिमाण विवरण

तयार पारेको देखिएन ।तसर्थ: वार्षिक आवश्यकता परिमाण विवरण तयार गर्ने र पूल सिस्टमको आधारमा आपूर्ति हुने गरी औषधी खरिद गर्ने, उचित भण्डारण गर्ने, अत्यावश्यक औषधी पर्याप्त मौज्दात रहने गरी औषधी खरिद र आपूर्ति व्यवस्थापन गर्नुपर्दछ ।

भौ.नं मिति	**भुक्तानी पाउनेको नाम**	**खरिद रकम रु**	**खरिद विधि**		
			सोझै	**कोटेशन**	**बोलपत्र**
१७५ संघ शशर्त २०८१/०२/२७	हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि.	१८५६४८१			बोलपत्र
२६१ संघ शशर्त २०८१/०३/२२	हेलपीङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि.	९५१७९९			बोलपत्र
११६ संघ शशर्त २०८०/१२/०५	मानसरोवर मेडिहेल्थ प्रा.लि.	४९९८२	सोझै		
९ न.पा.चालु स्वास्थ्य २०८०/१०/१७	मेडिगोल्ड इन्टरनेशनल प्रा.लि	४३४५००		कोटेशन	
जम्मा		**३२९२७६२**			

३२ **औषधी अनुगमन तथा रिचेकिङ्मा खर्च**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४६१,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३ **पाठ्यपुस्तकमा बढी निकासा**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५६,९०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२५,०७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४८,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ **सवारी साधन मर्मतमा खर्च**

२२५।२०८१।३।१९ शैक्षिक सुशासनका लागी संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथन विद्यालय सुपरिवेक्षण कार्यक्रम अन्तर्गत पालिकाले विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयन कार्यक्रम सञ्चालन गरेकोमा यस उपक्रियाकलापमा रहेको रकम सुपरिवेक्षण र पेसागत सहयोग कार्यमा संलग्न हुनेहरुले सो कार्यको प्रतिवेदन स्थानीय तहमा पेश गरेपश्चात नियमानुसार दैनिक तथा भ्रमण भत्ता,यातायात खर्च,खाना तथा खाजामा खर्च गर्न सकिने उल्लेख छ । पालिकाले सो कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट सवारी साधन मर्मतमा रु.१,०४,१४० खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,०४,१४०

३५ **पोषण सम्बन्धी सुचना प्रकाशन**

स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्यतर्फका संघीय अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन आ.व. २०८०।८१ को पोषण कार्यक्रम अन्तर्गत नेपालीहरुका लागी असल खानपान, स्तनपान एवं पोषण सम्बन्धी संदेशहरु राष्ट्रिय तथा स्थानीय भाषामा प्रशारण गर्ने र यस कार्यक्रमका लागी प्रति पालिका रु. २५ हजारका दरले बजेट विनियोजन गर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न ६ वटा पत्रपत्रिकालाई पोषण विशेष सुचना प्रकाशन गरेको भनि रु. २५,०००।- भुक्तानी दिएकोमा पत्रपत्रिकामा षोषण

सम्बन्धी सुचना प्रकाशन नभई डेंगी तथा रेविज रोगसम्बन्धी सुचना प्रकाशन भएको पाईएकोले कार्यक्रम विपरीत खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२५,०००

३६ **रितपूर्वकको कर विजक**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५६ बमोजिम सार्वजनिक निकालयले एक पटकमा २० हजार भन्दा बढी कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा मू.अ.करमा दर्ता भएका करदाताबाट मात्र खरिद गर्नुपर्ने कानुनी व्यवस्था छ ।पालिकाले रेबिज रोग नियन्त्रण कार्यक्रम अन्तर्गत कुकुर बन्धाकरण तथा रेबिज रोग बिरुद्धको खोप कार्यक्रमका लागि नेपाल एनिमल वेलफेयर एण्ड रिसर्च सेन्टरसँग रु. २ लाखमा सम्झौता गरी कार्यक्रम सञ्चालन गरेको छ । पालिकाले २० हजार भन्दा बढीको खरिद गर्दा भ्याटमा दर्ता भएका करदाताबाट खरिद गर्नुपर्नेमा वेलफेयर एण्ड रिसर्च सेन्टरले रु. २ लाखको पान विल पेश भएकोले १५ प्रतिशतले हुने कर रकम रु. ३०,०००।- कट्टी गरी दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३०,०००

३७ **साना सिंचाई प्रवर्द्धन कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ५ अनुसार संघले प्रदेश तथा स्थानीय तहमा सार्वजनिक कृषि पूर्वाधारको हकमा १०० प्रतिशत र सामुदायिक कृषि पूर्वाधारको हकमा ८५ प्रतिशत अनुदान रकम उपलब्ध गराउने व्यवस्था रहेको छ ।साथै दफा ३५ को सिंचाई संरचना निर्माण अन्तर्गत साना सिंचाई पूर्वाधार निर्माण खरिद सम्बन्धी कार्य सम्बन्धित स्थानीय तहले प्रचलित खरिद नियमावली तथा ऐन बमोजिम आफैं वा सहकारी/ उपभोक्ता समितिमार्फत गराउन सक्नेछ भनि उल्लेख छ ।पालिकाले साना सिंचाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत कोटेसन माग गरी मन्सा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग रु. ७,९५,३७९।- मा सुधारिएको पानीघट्ट निर्माणका लागि सम्झौता भएको छ र गो.भौ.नं. २५५।२०८१।३।२१ बाट कार्य सम्पन्न बापत सम्झौता बमोजिमको रकम भुक्तानी भएको छ।सामुदायिक कृषि पूर्वाधारको हकमा ८५ प्रतिशत अनुदान संघीय सर्शतबाट र कृषक समूह/लाभग्राहीको योगदान १५ प्रतिशत रहने गरी कार्य गर्नुपर्नेमा पालिकाले कोटेशनमार्फत काम गराएको पाईयो । कोटेसनबाट कार्य गर्दा न्यून प्रतिस्पर्धा हुनुका साथै उपभोक्ताको १५ प्रतिशत योगदान समावेश नहुने हुनाले बढी खर्चिलो देखिन्छ।तसर्थ पालिकाले खर्चमा मितव्ययिता कायम हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३८ **झोलुंगे पुल क्षेत्रगत कार्यक्रम**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३७८,८०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३९ **स्वीकृत दरमा भन्दा बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत दररेटका आधारमा लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका उपभोक्ता समितिलाई पालिकाको स्वीकृत दर भन्दा बढी दरको लागत अनुमान तयार गरी बढी दरमा भुक्तानी गरेको देखिन्छ । तसर्थ भुक्तानी गर्नुपर्ने दर भन्दा बढी दरमा भुक्तानी गरेको रु.४,६८,६०७.८३ सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु.

भौ नं मिति	निर्माण व्यवसायी/ उपभोक्ता समितिको नाम	योजनाको नाम	कार्य परिमाण	स्वीकृत दर	भुक्तानी दर रु.	बढी भुक्तानी रु.
१२-०८०।०५।०५	श्री चण्डेनी टोल विकास संस्था	चण्डेनी गोरेटो बाटो पहिरो नियन्त्रण	PCC 1:2:4 ३.८८ घनमिटर	१२४२६	१३७८८.१६	५२८५.१८
१४-०८०।०५।०६	सिंगे टोल विकास संस्था	वडा नं ३ सिंगे गाउँ घोरासाइने टोल सडक अन्तरगत विभिन्न स्थानमा वाल निर्माण	१:६ मसला ढुङ्गाको गाह्रो लगाउने काम २६५.४८ घनमिटर	९००१.५२	१०४९५.१९	३९६५३९.५२
१४८-०८१।०२।२४	सुलिकोट छ्योर्तेन पुनः निर्माण उपभोक्ता समिति	सुलिकोट छ्योर्तेन पुनः निर्माण	डोजरले माटो खन्ने काम ३९३ घनमिटर	८५.१६	२५५.४८	६१९९९.७६
२०४-०८१।०३।२०	श्री भंगेरी होलिडे डाँडाथुम सडक निर्माण उपभोक्ता समिति	भंगेरी होलिडे डाँडाथुम सडक निर्माण	फलामे डंडीको काम ११८६.९४ के जि	१४१	१४५.०३	४७८३.३७
जम्मा						**४६८६०७.८३**

असुल गर्नुपर्ने	४,६८,६०६

४० **कार्य स्वीकार प्रतिवेदन**

२१४।२०८१।०३।२१ सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११७(२क) (१) मा सार्वजनिक निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएकोमा निर्माण व्यवसायीले सम्पन्नको अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्न सक्ने व्यवस्था छ । तर पालिकाले थालडाँडा लापु लाकुरीबोट स्याङतानको घरसम्मको बाटो निर्माणको लागत अनुमान रु.१२,६४,७५८।८० रहेकोमा ३.32 प्रतिशत घटीमा रु.१२,२२,७७३।४४ मा मिति २०८० पौष २० मा सम्झौता गरेको छ । सडक निर्माणको कार्यमा जम्मा प्राविधिक मूल्याङ्कन रु.९,८३,८६३।९१ मात्र भएकोमा हुँदा पनि कार्य स्वीकार तयार गरी आयोजनालाई सम्पन्न गरेको छ । उक्त योजनामा जम्मा भौतिक प्रगति ८१ हुँदा पनि नियमावलीमा भएको व्यवस्था भन्दा बाहिर रहेर कार्य स्वीकार प्रतिवेदन तयार गरी योजनालाई सम्पन्न मानेको छ । सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार कार्य प्रगति पुरा नगर्दा पनि कार्य स्वीकार प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी गर्नु नियमसंवत् नदेखिएको रु.

अनियमित भएको	९,८३,८६३

४१ **प्रशासकीय भवन निर्माण**

पालिकाको प्रशासकीय भवन निर्माणको लागि Titik Consultant PVT. LTD. ले डि पि आर गर्दा आयोजनाको कुल लागत रु.३१,१२,७०,८४५।०३ (भ्याट बाहेक) हुने अनुमान गरेता पनि पालिकाले केही आइटमहरु घटाएर सो आयोजनामा (ठेक्का नं 01/WORKS/NCB/MBM/077-78) रु.१९,३२,८५,०१०।५४ (भ्याट बाहेक) को मात्र ठेक्का आह्वान गरेको छ । पालिकाले ठेक्का आह्वान गरेकोमा २२ वटा फार्महरुले प्रतिस्पर्धा गरेकोमा ३४.८५ प्रतिशत घटीमा कबोल गर्ने BKOI Jayamata J.V. सँग रु.१२,५९,२४,७२७।५० (भ्याट बाहेक) मा मिति २०७९ पौष १७ सम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७७ पौष १० मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार भवन निर्माणको कार्य निर्धारित समयमा सम्पन्न नभई चौथो पटकको म्याद थपले मिति २०८० चैत्र ३० सम्म म्याद थप गरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार बीमा गर्दा निर्माण व्यवसायीले सम्झौता रकममा रु.१४,२२,९४,९४२।०४ बीमाङ्कको मिति २०८० श्रावण ११ सम्मको मात्र अवधी भएको बीमा गरेको,

- सम्झौताको GCC मा उल्लेख भए अनुसार निर्माण कार्यको बीमा गर्दा प्राकृतिक प्रकोप लगायतका क्षति बापतको सुरक्षाका लागि सम्झौता रकमको ११५ प्रतिशतले हुने बीमाङ्क रु.१४,४८,१३,४३६ को बीमा मिति २०८१ चैत्र ३० सम्मको समायावधी भएको पेश गर्नुपर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार भेरिएशन आदेश स्वीकृत गर्दा सम्झौतामा उल्लेख भएका केही आइटमको परिमाण घटबढ गर्दा परिमाणमा जतिसुकै घटबढ भए पनि सम्झौता रकम अनुसार नै कार्य गराएको तर Rate Negotiation गरी कम दरमा कार्य गराउनु पर्नेमा सो नगराएको,
- भेरिएशन गर्दा सुरु लागत अनुमान रु.१९,३२,८५,०१०।५४ (भ्याट बाहेक) रहेकोमा भेरिएशन पश्चात लागत अनुमानमा १४.९१ प्रतिशत वृद्धि भई रु.२२,०४,४२,४७६।२९ कायम भएको छ भने सम्झौता रकममा सुरु सम्झौता रकम रु.१२,५९,२४,७२७।५० (भ्याट बाहेक) रहेकोमा भेरिएशन पश्चात पहिलो पटकको भेरिएशनबाट ८.२३ प्रतिशत थप गरी सम्झौता रकम रु.१३,४९,५२,९६२।५० कायम भएको छ भने दोस्रो पटकको भेरिएशनबाट १३.८३ प्रतिशतले थप गरी रु.१४,२०,१४,८५२।३७ मा भेरिएशनबाट कायम भई कार्य गराएको,
- भेरिएशन रकम स्वीकृत गर्दा BOQ मा उल्लेख नभएका ४१ वटा नयाँ आइटम थप गर्दा निर्माण व्यवसायीले लागत अनुमानमा ३४.८५ प्रतिशतमा घटाई कार्य गर्नुपर्नेमा मिति २०७९ चैत्र ८ मा नगर प्रमुखको अध्यक्षतामा नयाँ आइटममा जिल्ला दरमा उल्लेख गरेको भन्दा ५ प्रतिशत देखि २५ प्रतिशत घटाई कार्य गराउने गरी कार्यपालिकाद्धारा अनुमोदन गराई कार्य गराएको,
- पालिकाले प्रशासकीय भवन निर्माणमा भेरिएशन गर्दा ४१ वटा नयाँ आइटम थप गर्दा सबै आइटमको जिल्ला दर अनुसार रु.८२,५३,८४८।५६ रहेकोमा जिल्ला दर भन्दा न्यूनतम ५ प्रतिशत देखि अधिकतम २० प्रतिशत सम्म घटाई औषत १५.२९ प्रतिशत घट्दा रु.६९,९१,३७४।८३ मा कार्य गराएको,
- सुरु ठेक्का समझौता गर्दा लागत अनुमानमा ३४.८५ प्रतिशत घटीमा कार्य गराएकोमा नयाँ आइटम थप गर्दा १५.२९ प्रतिशत मात्र घटेको देखिन्छ । भेरिएशनको असल अभ्यास अनुसार नयाँ आइट थप गर्दा जिल्ला दररेट अनुसार सम्झौता गर्दाको घटी प्रतिशतसँग सन्तुलन हुनुपर्नेमा नभएको,
- भेरिएशन गर्दा नयाँ आइटम थपको जिल्ला दररेट अनुसार सुरु लागत अनुमानको घटी प्रतिशतसँग सन्तुलन हुने गरी कार्य गराउदा ३४.८५ प्रतिशतले रु.२८,७६,४६६।२२ ले घटी भई रु.५३,७७,३८२।३३ मा कार्य गराई सोही बमोजिम भुक्तानी गर्नुपर्नेमा भेरिएशनबाट १५.२९ प्रतिशत मात्र घटीमा कार्य गराउँदा रु.१६,१३,९९२।४९ पालिकालाई थप व्ययभार परेको,

यसर्थ निर्माण कार्यको बीमा गर्दा विपद जन्य क्षतिको सुरक्षाको लागि सम्झौता रकमको ११५ प्रतिशत कायम गरेको र कार्य सम्पन्न भएको १२ महिना थप अवधि भएको प्रमाण पेश गर्नुपर्दछ । पालिकाले भेरिएशन गर्दा सम्झौतामा भएका आइटममा परिमाण बढाउदा/ घटाउदा सम्झौतामा उल्लेख भएकै दर अनुसार कार्य गराएको छ भने नयाँ आइटम थप गर्दा कार्यपालिकाको निर्णयबाट ५ प्रतिशत देखि २५ प्रतिशत सम्म घटाउने निर्णय गरेको छ । भेरिएशनबाट कार्य गराउदा Rate Negotiation मार्फत निर्माण व्यवसायीलाई न्यूनतम मूल्यमा कार्य गराउने प्रयत्न गर्नुपर्ने सो गरेको देखिएन । भेरिएशनको असल अभ्यास अनुसार समझौतामा उल्लेख नभएका नयाँ आइटम थप गर्दा सम्झौतामा भएको घटी प्रतिशतसँग सन्तुलन हुने गरी कार्य नगराउदा पालिकालाई थप व्ययभार परेको देखिन्छ । सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था र भेरिएशनको असल अभ्यास अनुसार कार्य गराउने तर्फ प्रयत्न गर्नुपर्दछ ।

४२ **आर्थिक सहायता**

पालिकाले यस वर्ष प्रकोप व्यवस्थापन कोष खाता र उपभोक्ता समितितर्फ विभिन्न ८ वटा संस्थालाई घरगोठ संरक्षण, पहिरो नियन्त्रण, टोल सुधार जस्ता कार्यका लागि रु.४,२४,५१७ र व्यक्तिगत तर्फ विभिन्न १७५ जनालाई टाउको सम्बन्धी रोग, क्यान्सर रोगी, मृगौला पिडित मुटु रोगी, पक्षपात समस्या पाठेघर सम्बन्धी रोगलगायत बिरामीको लागि र सडक दुर्घटना उपचार, काजक्रिया खर्च, ब्हेलचियर वितरण खर्च, दाहसंस्कार खर्च जस्ता कार्यका लागि रु.५३,३२,०२० समेत रु.५७,५६,५३७ सहयोग तथा आर्थिक सहायता वितरण गरी खर्च गरेको छ । आर्थिक सहायता विवतरण गर्दा व्यक्ति, संघ-संस्थालगाएतका क्षेत्रलाई न्यूनतम रु.७००० देखि अधिक्तम रु.२००००० सम्म वितरण गरेको छ । पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय रु.३४३९०६८८।०२ रहेकोमा आर्थिक

सहायता विवतरण गर्दा आन्तरिक आयको १६.७३ प्रतिशत वितरण गरेको छ । आन्तरिक आयलाई मध्यनजर गरी मापदण्ड र कार्यविधिको आधारमा मात्र वितरण गरी यस्ता खर्चलाई मितव्ययी गराउनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक , मण्डनदेउपुर नगरपालिका , काभ्रेपलाञ्चोक

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लक्ष्मी प्रसाद बास्कोटा	२०८१-१-२७	२०८१-६-२२
कार्यालय प्रमुख	डा. लोकबहादुर लोप्चन	२०७८-१२-१४	२०८०-६-२७
कार्यालय प्रमुख	मान बहादुर खड्का	२०८०-५-२९	
कार्यालय प्रमुख	सुरज श्रेष्ठ	२०८१-९-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	पुष्प राज बजगाई	२०७६-८-२०	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७२४,८२७	१,११३,००३	२,५५१,०१७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४,३८८,८४७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,७२०,०३८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,६६८,८०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१३४१४२३५९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९७३९२०००	चालु खर्च	४१९४१६३४४
प्रदेश सरकारबाट अनुदान	६३००४०००	पूँजीगत खर्च	१८४९८०१३९
राजश्व बाँडफाँट	१७९७७९५५६	वित्तीय/अन्य व्यवस्था	२८२२६४३०९
आन्तरिक आय	३४३९०६८८		
अन्य आय	२१९२९०७६७		
कुल आय	८९३८५७०११	कुल खर्च	८८६६६०७९२
बाँकी मौज्दात		१४१३३८५७८	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ